
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर १७ गते आइतबार ❑ 3 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## बेगनासतालमा मोटरबोट बन्द गर्न महानगरको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर




विगत ६ महिना देखि बेगनासतालमा संचालनमा रहेको मोटरबोट बन्द गर्न निर्देशन दिइएको छ । बेगनासताल डुंगा व्यवसायी समितिलाई एक पत्र लेखेर पोखरा महानगरपालिकाले मोटरबोट बन्द गर्न निर्देशन दिएको हो ।

मोटरबोट सञ्चालन गर्दा अन्य डुंगा व्यवसायमा असर पुऱ्याएको, माछा लगायतका जलचरको प्रजनन तथा विकासमा प्रत्यक्ष असर गरेको जनगुनासो आएका कारण महानगरले तत्काल मोटरबोट बन्द गर्न आदेश दिएको आदेश जारी गरेको पत्रमा उल्लेख गरिएको छ । मोटरवोट सञ्चालन गर्दा अनुमति नलिएको भनि बेगनासताल मत्स्य व्यवसायी समिति र स्थानीयको पटक पटक गुनासो आएकाले महानगरले बन्द गर्न निर्देशन दिइएको महानगरका प्रशासन महाशाखा प्रमुख कृष्णप्रसाद तिवारीले बताए । यस्तै, डुङ्गा व्यवसाय गरी जीविकोपार्जन गरिरहेका जलारी जातीको पेसामा प्रभाव पारेको समेत गुनासो आएको प्रमुख तिवारीले जनाए ।

महानगरले मोटरवोट बन्द भए, नभएको अनुगमन गरी जानकारी गराउन वडा कार्यालय पोखरा ३१ लाई निर्देशन समेत दिइएको छ । बेगनासताल डुंगा व्यवसायी समितिका पुर्व अध्यक्ष समेत रहेका ढकनाथ कंडेल पोखरा ३१ का हाल वडाध्यक्ष समेत हुन् । यस बिषयमा उहाँले बेगनासको पर्यटन प्रर्बद्धन गर्ने बिषयमा मोटरबरोट बन्द गर्नु उचित निर्णय नभएको बताए । त्यसको बिषयमा छलफल गरेर मात्र त्यसलाई उचित ढंगले व्यबस्थापन गर्नुपर्ने उनको भनाई छ । आफुहरुले उक्त मोटरबोट संचालनको अनुमती दिएको उनले जनाए । बेगनासको पर्यटन प्रबर्द्धन गर्ने भन्ने तर पर्यटकलाई आकषर्ण गर्ने बिषयमा महानगरले एक्लैटि ढंगले बन्द गर्न नहुने उनले प्रतिकृया दिए । बेगनासताल मत्स्य व्यवसायी समितिले रामसार सूचीमा सूचीकृत बेगनास तालमा मोटरबोट सञ्चालन रोक्का गरिदिन महानगरलाई केही समय अघि पत्र सहित आग्रह गरेको थियो । बेगानास तालमा मोटरवोट संचालन हुदा ५४ घर परिवारको जीविको पार्जन लगायत वातावरणमा प्रत्यक्ष असर पुगेको भन्दै रोक्का गरिदिन जलारी समुहले केही समय अघि महानगरमा ज्ञापन पत्र बुझाउनु भएको एक व्यवसायी राजेन्द्र जलारीले बताए । महानगरको उक्त निर्णय स्वागत योग्य भएको उनले जनाए । उक्त मोटरवोट संचालनकै क्रममा पनि यस बिषयमा केहीले संचालन गर्नु पर्छ केहीले गर्न हुन्न भन्ने बिबाद रहेको झलक जलारीले बताए । पोखराको सुन्दर ताल बेगनास तालमा यसरी मोटरवोट चलाउदा यहाँको वातावरणमै असर पर्ने उनले जनाए । ५० लाखको लागतमा उक्त मोटरबोट पोखरा भित्राइएको थियो ।

## पोखरामा विश्व एड्स दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर




३६ औं विश्व एड्स दिवस "समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं" भन्ने मुल नाराका साथ विविध कार्यक्रम गरी पोखरामा मनाइएको छ ।

स्वास्थ्य क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संस्थाले सामूहिक रुपमा कार्यक्रम गरी दिवस मनाइएको हो । पोखरा वसपार्कमा आयोजित कार्यक्रममा बोल्दै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. भरत वहादुर खत्रीले एड्सलाई सामान्य रोग सरहनै लिनुपर्ने वताउनुभयो ।

कार्यक्रममा प्रदेश जनस्वास्थ्य प्रयोगशाला प्रमुख मनमोहन मिश्र, नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देल, राष्टिय एचआईभी एड्स महासंघ केन्द्रीय सदस्य मनोज गुरुङ, पश्चिमाञ्चल एड्स सञ्चालका अध्यक्ष विश्व मोहन गौचनले वोल्नुभएको थियो ।

साथै कार्यक्रममा एचआईभीका क्षेत्रमा कार्यगरी योगदान पुर्याएको भन्दै राष्ट्रिय एचआईभी एड्स महासंघ केन्द्रीय सदस्य मनोज गुरुङ र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, उपचार केन्द्रका इन्चार्ज कल्पना कुमारी आचार्य गौतमलाई सम्मान गरिएको थियो । यस कार्यक्रमका साथसाथै विश्व एड्स दिवसको अवसरमा स्वास्थ्य निर्देशनालय लगायत अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुको सहकार्यमा एड्स विरुद्ध जनचेतनाम"लक कार्यक्रम, मैनवत्ति प्रज्वलन कार्यक्रम, क्लिनिक संचालन, एचआईभी संक्रमित वालवालिकाका लागि न्यानो कपडा वितरण, साइकल र्याली जस्ता कार्यक्रमहरु समेत संचालन गरिएको थियो । गण्डकी स्वास्थ्य निर्देशनालयका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक हेमन्त शर्मा पौडेलको अध्यक्षयतामा भएको कार्यक्रमको संचालन स्वास्थ्य निर्देशनालयका न्युनतम सेवा मापदण्ड कार्यान्वयन अधिकृत उर्मिला वरालले गर्नु भएको थियो ।

## टुक्रे योजनामा नअल्झिन मुख्यमन्त्रीको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले टुक्रे योजनामा नअल्झिन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मातहतका कार्यालयहरुलाई निर्देशन दिएका छन् ।

म्याग्दीको घोडेपानीमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक तथा चालु आर्थिक वर्षको प्रथम चौमासिकको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले टुक्रे योजनामा समय र श्रम खेर नफाल्न निर्देशन दिएका हुन् । "संघीय सरकारले प्रदेशलाई रु दुई लाखसम्म बजेटका योजना कार्यान्वयन गर्न पठाएको छ । मैले प्रधानमन्त्री र संघीय मन्त्रीहरुलाई पाँच/सात बजेटका साना योजना कार्यान्वयन गर्न सकिँदैन भनेको छु," उनले भने, "परिमाण नआउने साना र टुक्रे योजनामा अल्झिएर समय र श्रम खेर नफाल्न भौतिक पूर्वाधार र सिँचाइ मन्त्रालय मातहतका निकायलाई निर्देशन दिएको छु ।" प्रदेश सरकारको कूल बजेटको ३५ र पूँजीगत बजेटको ५५ प्रतिशत हिस्सा ओगटेको भौतिक मन्त्रालयको प्रगतिले समग्र प्रदेश सरकारको काम देखाउने भएकाले ८१ प्रतिशत बजेट कार्यान्वयन गर्ने लक्ष्यको कार्यान्वयन गर्न निर्देशन दिए ।

संघीयता र प्रदेश सरकारप्रति उठेका प्रश्नको जवाफ काम गरेर देखाउनुपर्ने चुनौतीको सामना गर्न परिणाममुखी काम गर्नुपर्ने बताए । मुख्यमन्त्री पाण्डेले कुनै पनि बहानामा बजेट र योजना कार्यान्वयनमा ढिलासुस्ती तथा आलटाल गर्ने छुट नहुने चेतावनी दिए । जनशक्ति अभावको समस्या समाधान गर्न करारमा कर्मचारी राख्ने अध्यादेश ल्याउनसमेत तयार रहेको र त्यसका लागि विपक्षी दलका नेतालाई समेत सहमत बनाएको बताउँदै उनले पटक-पटक एउटै समस्या देखाएर जिम्मेवारीबाट नपन्छिन आग्रह गरे । विसं २०७६ को सङ्घीय वन ऐनलाई देखाएर विकास आयोजनामा अवरोध सिर्जना गर्ने गतिविधि हुन थालेकोप्रति असन्तुष्टि जनाउँदै मुख्यमन्त्री पाण्डेले प्रदेशसभाले २०८० मा जारी गरेको वन ऐनमा टेकेर काम गर्न अनुरोध गरे । वन, आर्थिकलगायत नीतिगत समस्या समाधानका लागि मन्त्रालय तथा मन्त्रिपरिषद् कार्यालय तयार रहेको पाण्डेले बताए । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जितप्रकाश आलेले काम भएका विकास आयोजनामा बजेट अभाव हुन नदिने र योजना कार्यान्वयनमा सहजीकरण गरिने बताए । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले योजना कार्यान्वयनमा देखिएका समस्याको समाधान तथा असल अभ्यास विस्तार गर्न समीक्षा कार्यक्रम उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे । मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डित, पूर्वाधार महाशाखाका सिनियर डिभिजनल इञ्जिनियर राम पराजुली, यातायात व्यवस्था महाशाखाका प्रमुख टीकाराम पौडेल, पूर्वाधार विकास कार्यालय र यातायात व्यवस्था कार्यालयका प्रमुखहरुले चालु आर्थिक वर्षका योजना कार्यान्वयनको अवस्था, देखिएका समस्या र समाधानका लागि भएको पहलको विषयमा जानकारी गराएका थिए ।

## गण्डकी सरकार अपाङ्गता भएकाहरुप्रति अनुदार

**पोखरापत्र संवाददाता**
पोखरा, १६ मंसिर

अपाङ्गता भएका व्यक्तिहरुको ३२ औं अर्न्तराष्ट्रिय अपाङ्गता दिवस मंसिर १७ गते आईतबार विश्वभरी मनाईदैछ ।

नेपालमापनि यो दिवस मनाउने तयारी अपाङ्गताका क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले गरेका छन् । तर गण्डकी सरकारले यो दिवस मनाउनेबारे कुनै योजना बनाएको छैन । नत यसका लागि बजेट नै छुट्याएको छ । उसो त अहिले लैंगिक हिंसाबिरुद्ध १६ दिने अभियान चलिरहेको छ । गण्डकी प्रदेशमापनि गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयको अगुवाईमा यो अभियान सञ्चालन गरिएको छ । तर यत्रो १६ दिनसम्म सञ्चालन हुने यो अभियानमा कुनैपनि दिन अपाङ्गता केन्द्रीत कार्यक्रम राखिएको छैन । यसका लागिपनि न कार्यक्रम छ, नत बजेट नै छुट्याइएको छ । त्यतिमात्र होईन गण्डकी सरकारले दोश्रो पञ्च वर्षिय योजना बनाइरहेको छ । तर योजना बनाउनका लागि बनाइएको निर्देशक समितिमा अपाङ्गता भएकाहरुको प्रतिनिधित्व गराएको छैन । अघिल्लो प्रथम पञ्च वर्षिय योजना बनाउँदा प्रतिनिधित्व गराईएपनि अहिले दोश्रो पञ्च वर्षिय योजना बनाउँदै गर्दा अपाङ्गता भएकाहरुको प्रतिनिधित्व नगराएपछि यस क्षेत्रमा कृयाशिलहरु असन्तुष्ट छन् । गण्डकी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जाडोको समयमा चिसोबाट बचौं

- ◆ जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- ◆ न्यानो कपडा लगाऔं,
- ◆ घर तथा कोठा न्यानो बनाऔं,
- ◆ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- ◆ बालबालिकालाई तेल मालिस गरिदिऔं,
- ◆ बढी चिसोमा मर्निङ वाक नगरौं,
- ◆ चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- ◆ दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपालमाथिको अन्याय रोकिनुपर्छ

**रासस**
काठमाडौं, १६ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वव्यापी उत्सर्जनमा नेपालको भूमिका शून्य प्रायः भए पनि जलवायु परिवर्तनको प्रत्यक्ष एवम् हानिकारक असर भोगिरहेको बताउनुभएको छ ।

संयुक्त अरब इमिरेट्स (युएई) मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८)को कन्फ्रेन्स अफ पार्टिजलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "हामीमाथि भएको डरलाग्दो अन्यायका कारण हाम्रा नागरिक बाढी पहिरो, डढेलो, हिमनदी विस्फोट, खडेरीजस्ता जलवायुजन्य सङ्कटबाट नराम्ररी प्रभावित भएका छन् ।" आफू तीन करोड नेपालीको सन्देश लिएर यस सम्मेलनमा सहभागी भएको उल्लेख गर्दै उहाँले विश्वव्यापी रूपमा बढ्दो तापक्रमले हाम्रा हिमाललाई यातना दिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "तिनीहरूलाई पहिले बचाउनुहोस् ।" जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संयन्त्र (आइपिसिसी)ले दिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पाँचौ युनिप्स खेलकुद महोत्सवको उपाधि वेलनन एकेडेमीलाई

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

संस्थागत एवं निजी विद्यालयहरुको छाता संस्था युनिप्स नेपालको आयोजनामा सम्पन्न पाँचौ युनिप्स खेलकुद महोत्सवको उपाधि वेलनन एकेडेमीले जितेको छ।

पोखरा रंगशाला सम्पन्न भएको उक्त खेलकुद महोत्सवमा सहभागि १८ विद्यालयलाई पछि पार्दै कुल १३३ अंकका साथ वेलननले उपाधि जितेको हो । हरेक दुई-दुई वर्षमा आयोजना हुने खेलकुद महोत्सवमा वेलननले यस अघि रनिङ शिल्डमा एक पटक कब्जा जमाइसकेको छ। वेलनन ले यो संगै लगातार चौथोपटक उपाधि जितेको छ।

यसै गरि खेलकुद महोत्सवमा ११० अंकका साथ कलिका इङलिश सेकेण्डरी स्कल उपविजेता भएको छ। पोखरा रंगशालामा चार दिन देखि जारी खेलकुद महोत्सवमा ७४ अंक बटुल्दै पिनाकल




एकेडेमी तेश्रो हुँदा ६३ अंकका साथ स्माइल स्मल हेभेन सेकेण्डरी स्कुलले चौथो स्थान प्राप्त गरेको प्रतियोगिता खेलकुद उपसमितिका संयोजक विनोद कुमार नेपालीले जानकारी दिए।

त्यस्तै आज सम्पन्न फुटबल मावी छात्रतर्फको फाइनलमा वेलनन एकेडेमीले एकता आवाशियलाई ३-१ ले पराजित गर्दै च्याम्पियन भएको छ भने स्मल स्माइल हेभेनले तेश्रो तथा होली एन्जलले चौथो स्थान प्राप्त गरेको छ।

विजेता विद्यालय तथा खेलाडीहरुलाई गण्डकी प्रदेश शिक्षा निर्देशनालयका उपमहानिर्देशक घनश्याम पौडेल, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाँ, युनिप्स नेपालका संस्थापक अध्यक्ष ध्रुव गिरीलगायतले मेडल, प्रमाणपत्र तथा ट्रफी वितरण गरेका थिए। सो अवसरमा बोल्दै उपमहानिर्देशक पौडेलले शिक्षा संगै अतिरिक्त कृयाकलापमा खेलकुद जोड्नु पर्ने अपरिहार्य रहेको बताउँदै खेलाडी उत्पादनको मुख्य थलो नै विद्यालय रहेको उल्लेख गरे । युनिप्स नेपालका अध्यक्ष शान्त बहादुर गुरुङको अध्यक्षतामा समापन कार्यक्रम सम्पन्न भएको थियो । खेलकुद महोत्वमा युनिप्समा आवद्ध रहेका १८ विद्यालयका ४ हजार भन्दा बढि खेलाडीहरुले सहभागिता जनाएका थिए । सहभागि विभिन्न खेलका ६ सय खेलाडीहरुलाई पुरस्कृत गरिएको भएको युनिप्स सचिवालयका संयोजक शिवहरि सुवेदीले जानकारी दिए । प्रतियोगिता सम्पन्न गर्न करिव १२ लाख खर्च हुने आयोजकले जनाएको छ।

# पुरुषतर्फ एलेक्से र महिलातर्फ उता आसाकुरालाई टेनिस उपाधी

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

कास्की जिल्ला टेनिस संघद्वारा पोखरामा आयोजित आइटीएफ जे-३० टेनिस प्रतियोगितामा मेन्स सिंगलतर्फ एलेक्सि सिभायव प्रथम भएका छन्।

पोखरा रंगशालामा शनिबार भएको फाइनल खेलमा भारतका प्रनिल शर्मालाई ६-१ र ७-५ को सेटमा पराजित गर्दै उनले एकलतर्फको उपाधी जितेका हुन् । त्यस्तै महिला एकलतर्फ जापानकी उता आसाकुराले प्रथम स्थान हाँसिल गरिन् । फाइनल खेलमा उनले भारतकी यासिका सोकिनलाई १-६, ६-४ र सुपरटाइमा ६-० ले पराजित गर्दै उपाधी आफ्नों नाम गराएकी हुन् । पुरुष डबल्सतर्फ जापानका को फुजिकावा र रोया सासामोतोको जोडीले भारतका प्रविर मुकेस छाप्दा र अमृत मोण्डको जोडीलाई १-६, ६-४ र सुपरटाईमा १०-५ ले पराजित गर्दै प्रथम स्थान हाँसिल गरे। महिला डबल्सतर्फ भारतका दिसा बेहरा र अर्जान खोराकिवालाको जोडीले




भारतकै एन्जल पटेल र यासिका सोकिनको जोडीलाई ६-२, ६-१ को सटेमा पराजित गर्दै प्रथम हुन सफल भए।

प्रतियोगिताका विजयी खेलाडीहरुलाई गण्डकी प्रदेस सभा सदस्य प्रकास बराल, नेपाल लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष देवेन्द्र शेरचन, नेपाल पर्यटन बोर्ड, गण्डकीका निमित्त कार्यालय प्रमुख नविन पोखरेल, नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थ लगायतले मेडल प्रदान गरे । सो अवसरमा बोल्दै सांसद बरालले कास्की जिल्ला टेनिस संघले वर्षेनी आयोजना गर्दै आएको यो प्रतियोगिता गण्डकी प्रदेशवासीले गौरब गर्नुपर्ने प्रतियोगिता भएको औल्याए । उनले यसको निरन्तरतामा सरकारले सहयोग गर्नुपर्नेमा जोड दिए। संघ कास्कीका अध्यक्ष लोक गुरुङ्गको अध्यक्षतामा भएको पुरस्कार वितरण समारोह महासचिव नविन श्रेष्ठले सञ्चालन गरेका थिए । यसैविच प्रतियोगिताको दोश्रो सर्किट आगामी सोमबारदेखि शुरु गरिने टुर्नामेण्ट डाइरेक्टर अजय विष्टले जानकारी दिए।

# जिफन्ट कास्कीको अध्यक्षमा सिग्देल

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

नेकपा एमाले निकट मजदुर संगठन नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) कास्कीको अध्यक्षमा जनकराज सिग्देल चयन भएका छन् । जिफन्ट कास्कीको अधिवेशनले सिग्देलको अध्यक्षतामा १० सदस्यीय कास्की जिल्ला समन्वय कमिटी गठन गरेको हो।

कमिटीको सचिवमा दीपक थापा मगर रहेका छन् भने



सदस्यहरुमा गोमा कार्की, सूर्यप्रसाद उपाध्याय, बालकृष्ण पोखेल, रामेश्वर पौडेल, बबरसिंह दुलाल, नित्यानन्द लामिछाने, सीता भट्टराई र जिना मगर चयन भएको जिफन्टका नेता रुद्र खत्रीले जानकारी दिए।

# नेपालमाथि ...

प्रतिवेदनबाट आफूलाई सबैभन्दा बढी चिन्तित तुल्याएको उल्लेख गर्दै उहाँले जलवायु प्रेरित प्रकोपले हिमाली क्षेत्रमा कीर्तिमान तोडिरहेको बताउनुभयो । प्रधानमन्त्रीले हाम्रा हिमनदीका एक तिहाइ हिस्सा गुमाइसकेको र वैज्ञानिकहरूले यस शताब्दीको अन्त्यसम्म थप एक तिहाइ हिस्सा गुमाउने अवस्था बताएको यथार्थता पेस गर्नुभयो । उहाँले यो हामी सबैका लागि जागरणको घण्टीसमेत भएको बताउनुभयो।

हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्ने प्रधानमन्त्रीको भनाइ छ । त्यसले विश्व समुदायको सेवा गरेको र तल्लो तटीय क्षेत्रका मानिसका लागि जीविकाको प्रमुख स्रोतका रूपमा रहेको उहाँले स्पष्ट पार्नुभयो। प्रधानमन्त्रीले नेपालमाथि भएको अन्याय अब रोकिनुपर्ने स्पष्ट धारणा राख्नुभयो। संयुक्त राष्ट्र सङ्घका महासचिवले हालै गर्नुभएको नेपाल भ्रमणका क्रममा समेत 'प्रकृति विरुद्धको युद्ध बन्द गर' भनी आफ्ना धारणा सार्वजनिक गर्नुभएको विषय उल्लेख गर्नुभयो । उहाँले 'प्रकृति र मानवता विरुद्धको युद्ध' भएको र आफ्नो स्वार्थ पूरा गर्नका लागि हामी आफैँ र भावी पुस्तासँग समेत लडिरहेको बताउनुभयो।

# गण्डकी ...

सरकार अपाङ्गता भएकाहरुको अधिकारप्रति उदासिन बनेको राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश अध्यक्ष खोमराज शर्माले बताए । अर्न्तराष्ट्रिय अपाङ्गता दिवस मनाउनका लागि समितिपनि गठन नगर्नू र बजेटपनि नछुट्याउनूले त्यसको पुष्टि हुने उनको दाबी छ । 'यसले गर्दा हामी अपाङ्गता भएकाहरु बेखुशी छौं'-उनले भने । त्यतिमात्र होईन आफूहरुको प्रतिनिधित्व नगराई बनाइएको पञ्च वर्षिय योजनाले आफूहरुको माग सम्बोधन नगर्ने उनले बताए । 'हाम्रो दुःख, हाम्रो समस्या अनि हाम्रो पीडा उनीहरुलाई के थाहा ? अनि उनीहरुले बनाएको योजनाले हाम्रो समस्या कसरी समाधान गर्ला ? गर्दैन ।' शर्माले संघीयता आएपछि कसले कार्यक्रम राख्ने र बजेट दिने भन्ने अन्यौलता देखापरेको बताए। संघीयता आउनुअघि कार्यक्रम र बजेट दुबै हुने भएपनि संघीयता आएपछि कटौती भएको उनको दाबी छ। अहिले सरकारलाई जे गरेपनि हुन्छ भन्ने भएको छ,उनले भने,'उहाँहरुको मनोमानी छ अहिले । अपाङ्गता भएकाहरुका लागि कार्यक्रम छुट्याउनुपर्छ, बजेट राख्नुपर्छ भन्ने नै छैन।'

सरकारले पहुँयुक्त पूर्वाधार नबनाएको, पहुँचयुक्त पाठ्यक्रम निर्माण नगरेको, अपाङ्गता भएकाहरुका लागि आवश्यक पर्ने सहायक सामग्री पहुँचयुक्त बनाउन सहयोग नगरेको, प्रशासन, प्रहरी कार्यालय, अदालतलगायतका सरकारी कार्यालयमा सांकेतिक भाषा सम्बन्धी दोभासेको सुविधा नदिएकोलगायतका गुनासो महासंघको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुरक्षित गर्न राज्यले नीति र कानून बनाएको तर कार्यान्वयन नगरेको महासंघको आरोप छ । महासंघ गण्डकीका अध्यक्ष शर्माले भने,'राज्यले बनाएको नीति तथा कानून अक्षरशः कार्यान्वयन गर्नुपर्छ। यति गर्दिए अधिकार प्राप्त हुन्छ।'

सरकारी तथ्याङ्क अनुसार गण्डकीमा ७२ हजार अपाङ्गता भएकाहरु छन्। तर यो पूर्ण तथ्याङ्क नभएको राष्ट्रिय अपाङ्ग महासंघको भनाई छ । गण्डकीमा करीब २ लाख अपाङ्गता भएकाहरु रहेको उसको अनुमान छ।

# पोखरा - १३ मा यौन तथा प्रजनन् स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

पोखरा महानगरपालिका वडा नं १३ शहरी स्वास्थ्य केन्द्र कुँडहरको आयोजनामा शनिवार यौन तथा प्रजनन् स्वास्थ्य शिविर सम्पन्न भएको छ।

नेपाल परिवार नियोजन संघ कास्की शाखाको प्राविधिक सहयोगमा पोखरा महानगरपालिका वडा नं १३ को परिषरमा आयोजित शिविरबाट एक सय २६ जना महिला लाभान्वित हुनुभएको छ।

शिविरमा पाठेघरको मुखको क्यान्सर र यौनजन्य संक्रमणको परिक्षण गरी निःशुल्क औषधी वितरण गरिएको वडा अध्यक्ष किरण बरालले जानकारी दिनुभयो । शिविर उद्घाटन गर्दै नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले पछिल्लो समय महिलाका लागि पाठेघरको मुखको क्यान्सर जटिल समस्याका रुपमा देखिएको बताउनुभयो । उहाँले आमनागरिकले आफ्नो स्वास्थ्यमा विशेष ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो।

पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण बरालको अध्यक्षतामा भएको कार्यक्रम वडा सदस्य सुचित्रा तामाङ्गले स्वागत र स्वास्थ्य केन्द्रकी अहेब लीला गुरुङ्ले संचालन गर्नुभएको थियो।

# पर्यटकीय राजधानी घोषणा गर्ने तयारी अन्तिम चरणमा : मेयर आचार्य

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने तयारी अन्तिम चरणमा रहेको बताएका छन्।

नेपाल कुष्ठरोग निवारण संघको शनिबार पोखरामा भएको ५१औं सभामा मेयर आचार्यले पर्यटकीय राजधानी घोषणाका लागि सबै प्रक्रिया पूरा हुने चरणमा रहेकोले छिट्टै घोषणा हुने विश्वास व्यक्त गरेका छन्। पोखरा आँफैमा प्राकृतिक र संस्कृतिको संगम रहेको आचार्यले बताए। 'पोखरा आँफैमा प्रकृति र संस्कृतिको एउटा महत्वपूर्ण संगम पनि हो । सँगसगै यसलाई हामीले नेचर कल्चर र एड्भेन्चर पनि भनेका छौं। हुन् त यस्ता अन्यत्र ठाउँ पनि होलान् तर यो हिमाल र तालहरूको सहर पनि हो', आचार्यले भने। प्रकृतिसँगै कृतिम पर्यटकीय संरचना निर्माण गर्नेतर्फ महागनरले ध्यान दिने उनले स्पष्ट पारे । 'पोखरालाई हामीले प्रकृतिले दिएको बरदानसँगै मानव निर्मित संरचनाहरू निर्माण गरौं, पोखरा साच्चैं एउटा संसारको सुन्दर पर्यटकीय क्षेत्र निर्माण गरौं, भनेर आफ्नो नीति, कार्यक्रम र योजना र त्यही बाटोमा हिडेका छौं', आचार्यले भने । पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न केही दिन अघिमात्र अध्ययन समिति गठन गरिएको थियो। प्रमुख आचार्यले कुष्ठरोगीको संख्या घटाउनुपर्नेमा जोडसमेत दिए । उनले भने, 'बिरामी भएपछि उपचार गर्नुभन्दा बिरामी हुनै नदिनतर्फ तयारी गर्नुपर्छ, स्वास्थ्य क्षेत्रमा राज्यको लगानी बढिरहेकाले बिरामी हुन नदिने कारण खोज्नुपर्छ।'

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# धार्मिक पर्यटकको आकर्षणमा शालिग्राम संग्रहालय

रासस
बागलुङ, १६ मंसिर

एक दशक अगाडिसम्म बागलुङ नगरपालिका-४ कुँडुले फेदी सुनसान थियो। बागलुङबजार नजिकै रहेर पनि विकासका हिसाबले पछाडि परेको थियो। तर अहिले पूर्वाधार विकासँगै धार्मिक पर्यटकीय गन्तव्यका रुपमा परिचित हुँदै गएको छ।

तीन वर्षयता यहाँ आन्तरिक तथा बाह्य पर्यटकको दैनिक भीडभाड हुने गरेको छ। सुरुङ निर्माण गरी सङ्ग्रह गरेको सवा लाख शालिग्राम र रङ्गवेङ्कटेश्वर मुक्तिनारायण मन्दिरको दर्शनका लागि आन्तरिकसँगै भारतीय पर्यटक आउने गरेका छन्।

मानवनिर्मित मन्दिर तथा शालिग्राम सङ्ग्रहालयले धार्मिक पर्यटकलाई आकर्षित गरेको छ। बागलुङ कालिका मुस्ताङको मुक्तिनाथ आउने हजारौँ पर्यटक अहिले सङ्ग्रहालयमा पुग्न थालेका छन्। धार्मिक महत्वका संरचनाको प्रचारप्रसारसँगै यहाँ आउने पर्यटको स¥ंया हरेक वर्ष बढ्दो छ। सुरुङभित्र कालीगण्डकीको शिर दामोदरकुण्डदेखि त्रिवेणीधामसम्मको आकृति एकै ठाउँमा बनाइएको छ। जसले धेरैलाई आकर्षित गर्ने गर्छ। अझ बढी त शालिग्रामवरपर बनेका मन्दिर र त्यहाँ बनेका अनेक प्रकारका आकृतिले लोभ्याउने गर्छ। बागलुङ-बेनी सडक खण्डको केही माथिपट्टि रहेको सङ्ग्रहालय बागलुङ बजारदेखि करिब तीन किलोमिटर पश्चिममा पर्छ। पैदल यात्रामार्फत १५ मिनेट र गाडीमा पाँच मिनेटमा पुग्न सकिन्छ। मन्दिर, सङ्ग्रहालयलगायत संरचना निर्माण गर्दा १० करोड बढी लगानी भएको छ। चाडपर्व र बिदाको बेलामा अझ बढी पर्यटक आउने गरेका छन्। खासगरी दक्षिण भारतका पर्यटक बढी आउने गरेको शालिग्राम सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नाचार्यले बताए। हरेक वर्ष यहाँ आउने पर्यटकको स¥ंया बढ्दै गएको उनको भनाइ छ।



अघिल्लो आर्थिक वर्षमा एक लाखभन्दा बढी पर्यटकले शालिग्रामको अवलोकन गरेका थिए भने चालु आर्थिक वर्षको हालसम्म २५ हजारभन्दा बढी पर्यटक यहाँ आउने ऋषि प्रपन्नचार्य बताउछन्।

धर्मप्रति बढी आस्था राख्ने पर्यटक शालिग्रामको दर्शन गर्न आउने उनको भनाइ छ। तीव्र प्रचारप्रसारको कारण पर्यटक आउने क्रम बढेको प्रपन्नचार्य बताउछन्। "परारभन्दा पोहोर धेरै पर्यटक आउनुभयो, पोहोरभन्दा यस वर्षभन्दा बढी आउने सम्भावना देखिएको छ, साउनदेखि यता २५ हजारभन्दा बढी पर्यटकले यहाँको अवलोकन गर्नुभएको छ, मुक्तिनाथ, कालीगण्डकी र बागलुङ कालिकाको सेरोफेरोमा शालिग्राम सङ्ग्रहालय रहेको हुँदा आगन्तुकलाई पायकपर्ने गरेको छ," ऋषि प्रपन्नचार्यले भने, "अझै बढी पर्यटक भित्र्याउने उद्देश्य राखेका छौँ, यहाँ अझै धेरै संरचना बन्दैछन्, धेरै दाताहरुले सहयोग गरेरै अहिले हामीहरु यो ठाउँमा छौँ, यो साल पोहोरभन्दा दोब्बर बढी पर्यटक ल्याउने सकिने अपेक्षा गरेका छौँ।" भारतबाट दर्शनका लागि आएका मुक्तिदेव हरिदासले शालिग्रामको दर्शन गर्दा मनोकाङ्क्षा पूरा हुने हुँदा चार दिन लगाएर यहाँ आएको बताए। मुक्तिनाथ पुग्ने मुख्य सडकमै शालिग्रामको दर्शन गर्न पाउँदा खुशी लागेको उनी बताउछन्। हरिदासले अहिलेसम्म आफूले एउटा पनि शालिग्राम दर्शन गर्न नपाएको सुनाउँदै एकै पटक सवा लाख देख्दा दङ्ग परेको बताए। सङ्ग्रहालयभित्र बनाइएको आकृति अझ बढी उकृष्ट लागेको उनी बताउछन्। हरिदास भन्छन्, "संसारमा कतै पनि एकै ठाउँमा यति धेरै शालिग्राम पाइँदैन होला, हाम्रो मुख्य गन्तव्य मुक्तिनाथ थियो, पोखरा आउने बेला यहाँको बारेमा सुन्यौँ र मुक्तिनाथभन्दा पहिला शालिग्रामको दर्शन गर्न आयौँ, हाम्रो २६ जनाको टोली छ, गाडीमै सिधै आउन सकिने रहेछ, तल कालिका मन्दिर, माथि पञ्चकोट र यहाँ शालिग्राम कस्तो रमाइलो रहेछ, एकै ठाउँमा आउँदा धेरैको दर्शन गर्न पायौँ, फेरि अर्को पटक पनि आउने छौँ, यस्तो पवित्र स्थानको प्रचार अलिक कम भएको जस्तो लाग्यो, हामीलाई थाहा थिएन, बाटोमा आउँदा बल्ल जानकारी पायौँ, उतै हुँदा थाहा हुन्थ्यो भने उहीँ 'प्लान' बनाएर आउथ्यौँ।" शालिग्रामवरपर रङ्गविङ्कटेश्वर मुक्तिनारायण मन्दिरसहित मुक्तिनाथ वेद विद्याश्रम पाठशालासमेत सञ्चालनमा छ। धार्मिक यात्रीले यहाँ आएर सबै क्षेत्रको अध्ययन र दर्शनसमेत गर्न पाउँछन्। पछिल्लो समय पशुपति, जनकपुर, लुम्बिनी र मुक्तिनाथको यात्रामा आउने धेरै भक्तजन र पर्यटकले शालिग्राम सङ्ग्रहालयलाई प्राथमिकतामा राखेका छन्। पर्यटन विकास समिति बागलुङका अध्यक्ष एवं बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले यहाँका बारेमा सञ्चारमाध्यम र समाजिक सञ्जालमार्फत प्रचारप्रसारमा ध्यान दिनुपर्ने बताए। धार्मिक पर्यटकलाई लक्षित गरी सूचना बोर्डहरु राख्ने, पर्यटक सहायता कक्षा स्थापना गर्नका लागि पर्यटन विकास समितिले तयारी थालेको अध्यक्ष खड्का बताउछन्। "हामीसँग स्रोत साधान निकै कम हुन्छ, एक्लै गर्न सकिँदैन, यद्यपि क्षमताले भ्याएसम्म पर्यटन प्रवर्द्धनका लागि जुटिराखेका छौँ, पर्यटन बोर्डसँग पनि सहकार्य गर्नेछौँ," उनले भने, "मुक्तिनाथ जाने सबै पर्यटकलाई यहाँ ल्याउनका लागि केही प्रयास गरिरहेका छौँ, सबै पालिका, प्रदेश र केन्द्र सरकारसँग सहकार्य गरेर पर्यटकको आगमनलाई बढाउँछौँ, पहिलेको तुलनामा शालिग्राम सङ्ग्लहायसहित अन्य पर्यटकीय क्षेत्रमा विदेशी पर्यटकको स¥ंया बढेको छ।"

# फाउण्डेशनका संस्थापक गुरुङद्धारा शैक्षिक सामग्री र पोशाक वितरण

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक अमृत गुरुङले घान्द्रुकका तीन विद्यालयमा शैक्षिक सामग्री र पोशाक वितरण गरेका छन्।



कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकका सरस्वती आधारभुत विद्यालय उरी, छुर्लुङ आधारभुत विद्यालय र तालबाराही आधारभुत विद्यालयका ३७ जना विद्यार्थीहरुलाई फाउण्डेशनका संस्थापक गुरुङले शैक्षिक सामग्री र पोशाक वितरण गरेका हुन्। शैक्षिक पोशाक वितरण पछि बोल्दै फाउण्डेशनका संस्थापक गुरुङले सामाजिक उत्तरदायित्व बहन गर्ने उद्धेश्यले शिक्षासँग जोडिएको बताए।'घान्द्रुकको विभिन्न स्थानलाई समेटेर वृत्तचित्र निर्माण गरेको थिए, घान्द्रुक,पोखरा र काठमाडौं लगायतको स्थानपछि बेलायत र हङकङमा वृत्तचित्र प्रर्दशन गर्ने अवसर पाए', गुरुङले भने, 'फाउण्डेशन मार्फत विभिन्न क्षेत्रमा जोडिएको छु, सामाजिक उत्तरदायित्व बहन गर्ने उद्धेश्यले शिक्षासँग जोडिएको छु।' शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउन फाउण्डेशनमार्फत सक्रियता बढाएको फाउण्डेशनका संस्थापक गुरुङले बताए।

'शिक्षा नै जीवनको महत्वपूर्ण खुड्किलो हो, शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउन फाउण्डेशनमार्फत सक्रियता बढाएको छु', उनले भने, 'अबको परिवर्तन शिक्षाले मात्र दिन सक्ने भएकाले सबैलाई शिक्षामा जोड्न आवश्यक छ।' हामीले शैक्षिक क्षेत्र बाहेक स्वास्थ्य र खेलकुद क्षेत्रमा पनि सहयोग गर्दै उनले बताए। 'हामीले यस अगाडि पनि विभिन्न समयमा सहयोग गरिसकेका छौं, शैक्षिक क्षेत्रसँगै यस अगाडि स्वास्थ्य र खेलकुदमा पनि सहयोग गर्दै आएका छौं।' उनले भने। लामा अमृत फाउण्डेशनका संस्थापक अमृत गुरुङले तीन विद्यालयका ३७ जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री र पोशाक एक कार्यक्रमका बीच वितरण गरेका हुन्। फाउण्डेशनले यस अगाडि लमजुङको एक विद्यालय र घान्द्रुकको तिख्यानस्थित कुर्लङ्ग बराह आधारभुत विद्यालयमा विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेको थियो।

# नेत्रहीन संघ कास्कीमा पुनः सापकोटा

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

नेत्रहिन संघ कास्कीको अध्यक्षमा दोश्रो कार्यकालकालागि पुनः श्रीकान्त सापकोटा दोहोरिएका छन्।



शनिबार संघको २६ औं वार्षिक साधरणसभा तथा ११ औं अधिवेशनले सापकोटाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो। संघको उपाध्यक्षमा अमृत बराल, महिला उपाध्यक्षमा सुनिता ज्ञवाली, सचिवमा सुशील गोदार, कोषाध्यक्षमा सम्राट गौतम, सहसचिव अर्पण कोईराला चयन भएका छन्। यस्तै सदस्यहरुमा डा.सरद कोईराला, सीता रिजाल, ज्योति पौडेल, जितकुमारी बराल, प्रमोद दाहाल, अक्षय खड्गी र सन्त बहादुर परियार निर्विरोध निर्वाचित भए। यसअघि कार्यक्रमको अपांग महासंघ गण्डकी प्रदेशका अध्यक्ष तथा नेपाल नेत्रहीन संघ केन्द्रका वरिष्ठ उपाध्यक्ष खोमराज शर्माले उद्धाटन गरेका थिए। संस्थाका अध्यक्ष श्रीकान्त सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल नेत्रहीन संघ केन्द्रका महासचिव शिशिर खनाल, नेत्रहीन संघ गण्डकी प्रदेश अध्यक्ष लक्ष्मण सुवेदी, गिरिधारी सुवेदी, दिपक अधिकारी र दण्डपाणि ढकाल लगायतले बोलेका थिए।

# गण्डकीमा उत्पादित सुन्तला विराटनगर पठाइन्थ्यो तर अहिले

रासस
गण्डकी, १६ मंसिर

पोखरा महानगरपालिका वडा नं. ५ प्रस्याङ निवासी सुन्तला व्यापारी राजेश कार्कीले कुनै वर्ष एकै दिनमै ११ गाडी सुन्तला बिक्रीका लागि विराटनगर पठाउँथे। तर पछिल्ला वर्ष सोही परिमाणमा सुन्तला मधेसतिर पठाउन सकेका छैनन्।

'पकेट' क्षेत्र मानिने स्याङ्जा, म्याग्दी, बागलुङ, लमजुङ, तनहुँ, पर्वतलगायत जिल्लामा उत्पादित सुन्तला बिक्री गर्ने मुख्य केन्द्र पोखराबजार हो। पोखराबजारमा ल्याइएका सुन्तला लिएर यहाँका व्यापारी पूर्वी तराईका जिल्लासम्म जाने गर्छन्। केही वर्षदेखि कास्कीलगायत जिल्लामा सुन्तलाको बोटमा देखापरेको 'ग्रिनिङ भाइरस' रोगका कारण यस क्षेत्रमा सुन्तला उत्पादन घटेको छ। सुन्तलामा देखापरेको रोगसँगै साना दाना र बोक्रामा दाग देखापर्ने गरेको कास्कीका किसान भोलाप्रसाद पोखरेलले बताए। यस क्षेत्रमा सुन्तला उत्पादन बढी हुने जिल्लाको रूपमा स्याङ्जा मानिँदै आएको छ। तर त्यहाँको सुन्तलामा दाग देखिन थालेको व्यापारी राजेश कार्कीले बताए। रसिला नहुँदा र बोक्रामा दाग हुँदा उपभोक्ताका रोजाइँमा स्याङ्जाको सुन्तला कम पर्ने गरेको छ। पश्चिम स्याङ्जाका सुन्तला बिक्रीका लागि केही बुटवल पनि लैजाने गरिएको छ। सुन्तलाको बोटमा रोग देखिएकै कारण कास्कीमा भने सुन्तला उत्पादन शून्य प्रायः छ। केही मात्रामा कास्कीको निर्मलपोखरीको दोपरेमा मात्र सुन्तला देख्न सकिन्छ। पछिल्ला वर्ष म्याग्दी, बागलुङ र पर्वतलगायत स्थानका सुन्तला स्वादिष्ट र ग्राहकको रोजाइँमा पर्ने गरेको जानकारी सुन्तला व्यापारी देवीप्रसाद कँडेलले दिए। यहाँ फल्ने सुन्तलामा चिल्ला र पातला बोक्रा हुँदा स्वादिष्ट हुने गरेको उनको भनाइ छ। पोखराका उपभोक्ताले यतिबेला सुन्तलाको मूल्य प्रतिकेजी रु ४० देखि एक सय २० रुपैयाँसम्म तिर्नुपर्ने हुन्छ। तर किसानले त्योभन्दा निकै कम मूल्य पाउने गरेका छन्। म्याग्दी जिल्ला निवासी सुन्तला व्यापारी मनबहादुर क्षेत्रीले यस वर्ष म्याग्दीबाट तीन खेप सुन्तला पोखरा बजारमा ल्याए तर तिनै पटक नोक्सान व्यहोर्नुपरेको गुनासो सुनाउँदै अब १५ दिन सुन्तला नल्याउने सोचमा छन्।



गाउँमै पुगेर किसानसँग आफूले रु ७० रुपैयाँमा सुन्तला खरिद गरेको तर पोखरा बजारमा ल्याउँदा त्यो मूल्य पनि पाउन नसकेको दुखेसो उनले पोखे। 'म्याग्दीबाट पोखरा सुन्तला ल्याइ पुर्याउँदा ढुवानी र मजदुरलाई मात्र प्रतिकेजी रु १५ बुझाउनुपर्ने हुन्छ", क्षेत्रीले भने, "म्याग्दी र बाग्लुङको सुन्तला स्वादिष्ट र केही महङ्गो पर्छ भन्ने कुरा उपभोक्ताले बुझ्न नसक्दा घाटा पनि व्यहोर्नुपरेको छ।" स्याङ्जाबाट ल्याउदा प्रतिकेजी ढुवानी र मजदुर लागत रु सात पर्ने र सुन्तलाको मूल्य सस्तो पर्ने भएकाले व्यापारीले नोक्सान व्यहोर्नुनपर्ने भनाइ क्षेत्रीको छ। तराई क्षेत्रका जिल्लामा यस वर्ष सुन्तला खपत कम भएको जानकारी क्षेत्रीले दिए।

सुन्तला जातको किबु तराईका जिल्लामा प्रतिकेजी रु ३० मा पाइने भएकाले पनि यस क्षेत्रका सुन्तला त्यो क्षेत्रमा कम बिक्री हुने गरेको सुन्तला व्यापारी श्यामकृष्ण अधिकारीले बताए। पोखराका तरकारी तथा फलफूल बजारस्थलमा यतिबेला सुन्तलाका थुप्रा त देखिन्छन् तर ती सुन्तलाको रसिलोपन भने प्रतिवर्ष घट्दै गएको छ। यहाँका व्यापारीले ती सुन्तला तराईको पूर्वी क्षेत्र काँकडभिट्टा, विर्तामोड, चारआली, दमक, लहान, पर्सा, हेटौँडा, काठमाडौँलगायत बजारमा थोक रुपमा बिक्री गर्न छानेर लाने गर्छन्। तराईका जिल्लामा सुन्तला नपाइने भएकाले पनि व्यापारीले पोखराको भन्दा बढी मूल्यमा बिक्री गर्ने गरेका छन्। पोखराबाट वर्षेनी रु २० देखि २५ करोड मूल्यको सुन्तला बिक्री हुने गरेको व्यापारी बताउँछन्। सुन्तलाको सानो दानाको कारण कहिलेकाही घाटा पनि हुने गरेको व्यापारी रमेश रायमाझीले बताए। राम्रो सुन्तला प्रतिकिलो रु ७० मा बिक्री हुन्छ तर सानो दानाको मूल्य ठूला व्यापारीले प्रतिकिलो रु २५ निर्धारण गर्दा नोक्सान व्यहोर्नुपरेको बताउछन्। 'सुन्तलाको पहिचान गर्न नसक्दा घाटा हुने सम्भावना रहन्छ, रायमाझीले भने, "किसानले बिक्री गर्ने मूल्य र उपभोक्ताले खरिद गर्ने मूल्यमा अन्तर बढी हुँदा पनि नोक्सान हुने गर्छ।" सुन्तला बोटमै पाक्न पाउँदैनन्। फलमा बाँदर लाग्ने भएकाले किसानले हरिया हुँदै टिप्ने भएकाले स्वादिला सुन्तला बजारमा आउएका छैनन्, केही समय सुन्तला बोटमै राख्न सकिएको खण्डमा स्वादिला सुन्तला बजारमा आउने व्यापारी रायमाझीको भनाइ छ। घमाइलो ठाउँमा फल्ने सुन्तलामा पातलो बोक्रो हुने र रसिलोसँगै गुलियो हुँदा उपभोक्ताको रोजाइमा पर्ने गरेको तरकारी तथा फलफूल बजारस्थल सञ्चालक समितिका रुपा जिसीले बताए। सुन्तलाका लागि धेरै समय खर्च गर्न नपर्ने र बजारको पनि समस्या नहुँदा अधिकांश किसानले धान, कोदो, मकै लगाउने खेतबारीमा सुन्तला नै लगाउन थालेको जिसीले जानकारी दिए। नगदे बाली सुन्तला खेतीलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्न सकेमा गण्डकी प्रदेशका किसानको जीवनस्तरमा सुधार आउने विश्वास गरिएको छ। नेपालमा उत्पादित सुन्तलालाई प्राविधिक रूपमा परीक्षण गरी शीत भण्डारमा राख्न सकिएमा अर्बौं मूल्यको सुन्तला आयातलाई प्रतिस्थापन गर्न सकिने जिसी बताउछन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.सं. १९९८

स्वर्गारोहणः वि.सं. २०८०/०८/११ गते

**स्व. बिष्णु कुमारी श्रेष्ठ**

यस गुठीका गुठीयार पोखरा-९ नयाँबजार, शिवमन्दिर मार्ग निवासी तिर्थ श्रेष्ठ, सूर्य श्रेष्ठ एवं तिर्थमाया श्रेष्ठका ममतामयी माता, निर्मला श्रेष्ठ एवं गंगा श्रेष्ठको ममतामयी सासुआमा **बिष्णु कुमारी श्रेष्ठ**को निधनले हामी गुठी परिवार अति नै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज ७औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**श्री पंचमी गुठी परिवार पोखरा**